मानननीय मन्त्री

गण्डकी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
पोखरा, नेपाल।

गण्डकी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
पोखरा, नेपाल

# सहिद दिवस २०७९ को शुभकामना

सहिद दिवस, २०७९ को अवसरमा राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन र सशस्त्र संघर्ष, नागरिक स्वतन्त्रता र राष्ट्रियताको रक्षाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान् सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपाली जनतालाई स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नागरिक बनाउन इतिहासका विभिन्न कालखण्डमा निरङ्कुश शासन व्यवस्थाविरूद्ध भएका आन्दोलनहरूमा आफ्नो जीवन बलिदान गर्ने वीर सहिदहरूप्रति सम्मान व्यक्त गर्दै हरेक वर्ष माघ १६ गतेलाई सहिद दिवसको रूपमा मनाउँदै आईरहेका छौं ।

सहिद दिवसले हामीलाई सहिदहरूले गरेको सर्वोच्च त्यागको स्मरण गराउँदछ । हामीले आज उपभोग गरिरहेको स्वतन्त्रता र नागरिक अधिकार विगतमा सहिदहरूले गरेका बलिदानको प्रतिफल हो । सहिदहरूको बलिदानद्वारा प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्नेतर्फ अग्रसर हुनु नै सहिदप्रति सच्चा श्रद्धाञ्जली हुने मैले विश्वास लिएको छु ।

अन्तमा, नेपाललाई उच्च आर्थिक विकास सहितको शान्त, समृद्ध र सुशासित राष्ट्र बनाउने सहिदको सपना साकार पार्ने काममा समर्पित हुन सहिद दिवस, २०७९ ले सबैलाई हौसला प्रदान गरोस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०७९ माघ १६ गते

..............................................
माननीय रोशन बहादुर गाहा थापा
(मन्त्री)